# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan Pulchowk, Lalitpur, Nepal

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/४/२६ गते बिहिबार बसेको बैठकबाट देहाय बमोजिम हुने गरी ५ ओटा उजुरीहरु उपर निर्णय भयो ।

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजूरी नं. | उजूरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १. | धुनिवेशी ८ धादिङ्ग (साविक नौविसे २ धार्केबजार) वस्ने सुदर्शन रेग्मीलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएर यातना दिएकोले अगाडी पट्टिको ५ वटा दाँत भाचिन पुगेको र शरीरका अन्य भागमा समेत असर परेको तथा नगद रु ४,९३५।– खोसि लिएकोले दोषीलाई कारवाही गरी उपचार खर्च र क्षतिपूर्ति दिलाई पाउँ भन्ने समेत व्यहोराको उजुरी । | २०६०/७/१२ १९९५ | सुरक्षाकर्मीद्वारा कुटपिट/यातना | निजलाई नियन्त्रणमा राखी यातना दिइएको भनिएको वैरेनी व्यारेक र गजुरी व्यारेकका तत्कालीन दोषी सुरक्षाकर्मीहरुको पहिचान गरी कानून बमोजिम कारवाही गर्न र पीडितलाई रु २,००,०००।– (अक्षेरुपी दुईलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने । | |
| २. | मण्डन देउपुर न.पा ६, काभ्रेपलाञ्चोक (देउपुर गौरीविसौना ३ ठूलिडिही) वस्ने तेज वहादुर डोटेलको घरमा ने.क.पा. (माओवादी) कार्यकर्ताहरुले आगो लगाई बम समेत विष्फोट गरी पूर्ण रुपमा ध्वस्त पारि दिएको न्याय दिलाई पाउँ भन्ने समेत व्यहोराको उजुरी । | १७०१ | माओवादीबाट सम्पत्ति नष्ट | पीडितका हकवालालाई रु ३,००,०००।– (अक्षेरुपी तीनलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने । | |
| ३. | सशस्त्र द्वन्द पीडित बालबालिकाहरुले द्वन्दका कारण भोग्नुपरेको समस्याहरुलाई समेटेर खानीखोला गाउँपालिका ३ बाङ्गे काभ्रेपलाञ्चोक (साविक डाँडागाउँ गा.वि.स. ७) का दलवहादुर थिङ्गलाई ने.क.पा. (माओवादी) हरुले हत्या गरेपछि समस्यामा परेक राजकुमार थिङ लगायतका २५ वटा घटनाहरु संकलन गरी बालबालिकाको पीडालाई सम्बोधन गर्नका लागि पहल | ४७३३ | द्वन्दरत बालबालिकाको समस्या | दलवहादुर थिङ्गको हत्यामा संलग्न दोषी व्यक्तिको पहिचान गरी कानून बमोजिम कारवाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई रु ३,००,०००।– (अक्षेरुपी तीनलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने । | |

का. मु. सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | गरिदिनुहुन भन्ने समेत व्यहोराको उजूरी । | | | | |
| ४. | उमाकुण्ड गाउँपालिका ७ रामेछाप (साविक भुजी ६ रामेछाप) बस्ने दलबहादुर सुनुवार लाई स्थानिय होम बहादुर सुनुवारलाई मारेको भन्ने अभियोगमा पक्राउ गरी चरम यातना दिएको र दोषीलाई कारवाही र पीडीत लाई क्षतिपूर्ति गरी पाउँ भन्ने समेत व्यहोराको उजूरी । | २०६६/१०/०१ ४७१६ | प्रहरीद्वारा यातना | प्रस्तुत उजुरी तामेलीमा राख्ने । | |
| ५. | ७ (साविक भुजी ६ रामेछाप) वस्ने होम वहादुर सुनुवारको हत्याको आरोपमा ऐ. वस्ने दुर्गा वहादुर सुनुवारलाई स्थानियहोम बहादुर सुनुवारलाई मारेको भन्ने अभियोगमा पक्राउ गरी चरम यातना दिएको र दोषीलाई कारवाही र पीडीत लाई क्षतिपूर्ति गरी पाउँ भन्ने समेत व्यहोराको उजूरी । | २०६६/१०/३ ४७१८ | प्रहरीद्वारा यातना | प्रस्तुत उजुरी तामेलीमा राख्ने । | |

[illegible] सचिव